मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय

चित्लाङ्ग, थाहा नगरपालिका वडा ९, बाग्मती प्रदेश

**सरसफाई सेवाको आवश्यकता बारे सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१।१२।१९**

यस विश्वविद्यालयको हाता चित्लाङ्गमा रहेका दुई भवनहरु GPB III and GPB IV को लागि दुई वर्षको लागि सरसफाई सेवाको आवश्यकता भएकोले यस विश्वविद्यालयलाई सेवा उपलब्ध गराउन ईच्छुक फर्म/कम्पनीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मिति चैत्र १९, २०८१ बाट १५ दिन भित्र यस विश्वविद्यालयको ईमेल ठेगाना info@mbust.edu.np मा वा यस **विश्वविद्यालयको कार्यालय, चित्लाङ्ग, थाहा नगरपालिका वडा ९, बाग्मती प्रदेश** मा आवेदन बुझाउन आह्वान गरिएको छ । सरसफाई सेवाको लागि आवश्यक सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्युनतम योग्यता विवरण सहितको विस्तृत सूचना तथा TOR यस विश्वविद्यालयको वेभसाईट www.mbust.edu.np बाट download गर्न सकिनेछ ।

**पेश गर्नु पर्ने कागजातहरुः**

१. फर्म/कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
३ आ. व. २०८०।०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
४. श्रम तथा व्यवसाय जन्य सुरक्षा विभागबाट सम्बन्धित सेवा प्रदान गर्न प्राप्त गरेको ईजाजत पत्रको प्रतिलिपि
५. सरसफाई सेवाको अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि
६. आर्थिक प्रस्ताव

**मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय**
**सरसफाई सेवाको लागि सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्यूनतम योग्यता**

## १. पृष्ठभूमि

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको चौथो स्नात्तकोतर भवन मिति (April 21, 2024) बैशाख ९, २०८१ मा सम्पन्न भएको र तेस्रो स्नात्तकोतर भवन मिति (October 09, 2025) असोज २३, २०८२ सम्ममा सम्झौता अनुसार सम्पन्न हुनु पर्ने । चौथो स्नात्तकोतर भवनमा सरसफाई सेवा तुरुन्त उपलब्ध गराउनु पर्ने छ भने तेस्रो स्नात्तकोतर भवन सम्पन्न भएपछि मात्र सो भवनमा सरसफाई सेवा उपलब्ध गराउनु पर्ने छ । प्रत्येक भवनको क्षेत्रफल करीब ४,१०० वर्ग मिटर रहेको । सो भवनहरु तथा परिसरको लागि पनि सरसफाई सेवा आवश्यकता रहेको । तेस्रो तथा चौथो स्नात्तकोतर भवनहरुको नक्सा यसै साथ संलग्न गरिएको छ र सेवा प्रदायकले आफ्नो खर्च र जोखिममा भवनको निरिक्षण गर्न स्किने छ । भवनहरु तथा परिसरको सरसफाई सेवा प्रदान गर्ने कम्पनीहरु मार्फत गराउने उद्देश्यले यो सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्यूनतम योग्यता तयार गरिएको छ ।

## २. सेवा शर्त, कार्य विवरण

- भवन र भवन परिसरको सरसफाईको लागि आवश्यक जनशक्ति र सरसामान उपलब्ध गराई सुपरिक्षण समेत गरेर सम्पूर्ण भवनहरु र भवनहरु परिसर सफा राख्ने । सेवा प्रदायकको दायित्व जनशक्ति र सरसामान उपलब्ध गराउने मात्र नभई तोकिए बमोजिम भवनहरु र परिसर सफा राख्नको लागि सम्पूर्ण आवश्यक व्यवस्था गर्नु पर्ने ।
- सरसफाईको लागि आवश्यक जनशक्ति निर्धारण, जनशक्ति छनौट तथा आपूर्ति र सरसामानको आवश्यकता निर्धारण र आपूर्ति सेवा प्रदायकले गर्नु पर्ने ।
- सरसफाईको लागि प्रयोग गरिने सरसामान भवन तथा परिसरको भौतिक सम्पत्तिलाई हानी नोक्सान पुऱ्याउने खालको हुनु हुँदैन । सरसफाईमा प्रयोग गरिने सामान विश्वविद्यालयबाट स्वीकृत गराउनु पर्नेछ । त्यस्तै सरसफाईको लागि प्रयोग गरिने सरसामान संलग्न जनशक्ति र विश्वविद्यालयको जनशक्तिको स्वास्थ्य र वातावरणको लागि हानीकारक हुन नहुने ।
- भवनहरुबाट निस्कने फोहर वातावरण मैत्री तरीकाले वातावरण प्रदूषण नहुने गरी विश्वविद्यालय हाता भित्र तोकिएको स्थानमा विसर्जन गर्नु पर्ने ।

- चार जना सरसफाई गर्ने जनशक्तिहरुले दिनको चार घण्टा बिहान चौथो स्नात्तकोतर भवन र परिसरको सरसफाई सम्झौता भएबमोजिम तुरुन्त सेवा उपलब्ध गर्नु पर्ने र तेस्रो स्नात्तकोतर भवन सम्पन्न भएपछि सोको लागि थप चार जना जनशक्तिहरुले दिनको तीन घण्टा बिहान सरसफाई सेवा उपलब्ध गर्नु पर्नेछ ।
- सरसफाई गर्ने जनशक्ति मध्ये एक जना कार्यालय समय भरि दुबै भवनहरु र परिसरको सरसफाईको लागि भवनहरुमा रहनु पर्ने र कार्यालयले तोकेको व्यक्तिको निर्देशन बमोजिम सरसफाई सम्बन्धी आवश्यक काम गर्नु पर्ने ।
- सबै जनशक्तिको पनि दुर्घटना बीमा गराउनु पर्ने छ र लाग्ने बीमा रकम सहित समावेश गरि आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।
- सरसफाईको लागि चाहिने आवश्यक सामग्रीको रकम आर्थिक प्रस्ताव ढाँचा अनुसार बुझाउनु पर्नेछ ।
- बिहान सरसफाई सेवा प्रदान गर्ने
- भवनको सरसफाई अन्तर्गत निम्न कामहरु पर्ने:
    - भूईं बढारेर तथा पुछेर सफा राख्ने ।
    - फर्निचर पुछेर सफा राख्ने ।
    - झ्याल, ढोका र बारको सिसा पुछेर सफा राख्ने ।
    - झ्याल, गाह्रो र सिलिङ्ग सफा राख्ने ।
    - शौचालयहरु सफा राख्ने ।
        - कमोड, प्यान
        - धारा र अन्य फिक्सरहरु
        - वास बेसिन र टेबल
        - ड्रेन
        - डष्ट बीन
        - शौचालय सफा राख्नको लागि पटक पटक पुछ्ने तथा अन्य आवश्यक काम गर्ने ।

    - भवन परिसर बढारेर सफा राख्ने ।
    - भवन भित्र बिग्रे भत्केको सामान र संरचनाबारे कार्यालयले तोकेको व्यक्तिलाई तुरुन्त खबर गर्ने ।
    - कौसी, शौचालय र पानी जम्मा हुन सक्ने अन्य स्थानमा पानी जम्मा हुन नदिन ड्रेन र ढल सधैं सफा राख्ने ।
    - शौचालयमा रहने तौलिया समय समयमा धोएर सफा राख्ने ।
- बायो ग्यासको सरसफाई निर्देशन बमोजिम गर्ने ।
- सरसफाईमा संलग्न जनशक्तिले इमान्दारीपुर्वक आफ्नो कर्तव्य निर्वाह गर्नु पर्नेछ ।
- सेवा प्रदायकले सेवा दिंदा कुनै किसिमको हानी/नोक्सानी सामान हराउने लगायत हुन दिने छैन । यदि कुनै सरसफाईमा संलग्न जनशक्तिले मिलोमतो वा लापरवाहीको कारणले विश्वविद्यालयलाई हानी नोक्सान पुगेमा छानविन गरी सेवा प्रदायकले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।
- सेवा प्रदायकले विश्वविद्यालयमा सरसफाईको लागि पठाइएका जनशक्तिलाई सेवा प्रदायकको परिचय पत्र उपलब्ध गराउनु पर्ने छ र सो परिचय पत्र सम्बन्धीत व्यक्तिले कार्यालयमा रहेको बेला निरन्तर रुपमा देख्ने गरी लगाई राख्नु पर्ने छ ।
- सेवा प्रदायकले विश्वविद्यालयमा सरसफाईको लागि पठाइएका जनशक्ति अदल बदल गर्दा जानकारी गराउनु पर्नेछ ।
- कुनै सरसफाईमा खटिएका जनशक्ति विश्वविद्यालयका लागि उपयुक्त नभएको भनि विश्वविद्यालयबाट सेवा प्रदायकलाई जानकारी दिएमा सेवा प्रदायकले सो जनशक्ति वदली गरी अर्को जनशक्तिको व्यवस्था मिलाउनु पर्नेछ ।
- सरसफाईमा खटिएका जनशक्तिको बोली, वचन र व्यवहार अनुशासित र मर्यादित हुनु पर्नेछ ।

३. सेवा प्रदायकको कानूनी ग्राह्यता:

प्रस्तावदाताले देहाय बमोजिमको कानूनी ग्राह्यता प्रमाणित गर्ने कागजातको प्रतिलिपि प्रस्तावसाथ पेश गर्नु पर्नेछ:

- सेवा प्रदायकले विधिवतरुपमा दर्ता भएको फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्र (आवश्यक भएमा म्याद थपको प्रमाणपत्र सहित),
- मू.अ.करमा दर्ता भएको प्रमाणपत्र र
- आव २०८०।८१ को कर चुक्ता प्रमाणपत्र
- सेवा प्रदायकले एक वर्षको लागि उपलब्ध गराउने दुबै भवनहरुको सरसफाई सेवाको लागि चाहिने खर्चको एकमुष्ठ आर्थिक प्रस्ताव - अनुसूची १ अनुसार

४. सेवा प्रदायकको न्युनतम योग्यता

- सरसफाई सेवा उपलब्ध गराउन ईच्छुक सेवा प्रदायकले आवेदन बुझाउने अन्तिम मिति सम्म निम्न बमोजिमको योग्यता पूरा गरको प्रमाणपत्र प्रस्ताव साथ पेश गर्नु पर्नेछ :
    - कम्तिमा २००० वर्ग मिटर क्षेत्रफल भएको भवनको कम्तिमा दुई वर्ष सन्तोषजनकरुपमा सरसफाई सेवा प्रदान गरेको हुनु पर्नेछ, बढी अनुभव भएका फर्म/कम्पनीलाई ग्राह्यता दिईनेछ ।

५. सेवा अवधि

- चौथो स्नात्तकोतर भवनको सरसफाईको सेवा अवधि एक वर्षको हुनेछ ।
- तेस्रो स्नात्तकोतर भवन सम्पन्न भएपछि मात्र सोको सरसफाई सेवा शुरु गरिने छ र सोको अवधि चौथो स्नात्तकोतर भवनको सरसफाईको सेवा समाप्त हुने अवधिसम्मको हुनेछ । दररेट परिवर्तन नगरी आपसी सहमतिमा दुबै भवनहरुको सरसफाई सम्झौता अवधि एक वर्ष थप गरिन सकिने छ र ५ प्रतिशत दररेट वढाई अर्को एक वर्षको लागि सम्झौता अवधि थप गर्न सकिने छ ।
- यस विश्वविद्यालय सेवा प्रदायकबाट उपलब्ध गराइएको सरसफाई सेवाबाट सन्तुष्ट नभएमा एक महिना अगाडि खबर गरि ठेक्का रद्द गर्न सकिने छ ।

६. छनौट विधि

- सरसफाई सेवा खरिद सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अन्तर्गतको नियम ९५ सेवा करारमा लिने सम्बन्धी कार्यविधि अनुसार गरिनेछ ।
- दुबै भवनहरुको सरसफाई सेवाको आर्थिक प्रस्ताव

**अनुसूची १**

दुई भवनहरु GPB III and GPB IV को सरसफाईको लागि लाग्ने एक वर्षको आर्थिक प्रस्ताव

| Particulars | Unit | No. of Persons | Monthly | No. of Building | Quantity for one year | Rate/Unit | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| ***Human resources*** | | | | | | | | |
| Cleaner (For GPB IV) | Person-month | 4 | 12 | 1 | | | | |
| Cleaner (For GPB III) | Person-month | 4 | 6 | 1 | | | | |
| Supervisor (For Both Buildings) | Person-month | 1 | 13 | 1 | | | | Including Dashain Kharch |
| Sub-total | | | | | | | | |
| ***Supplies*** | | | | | | | | |
| EM for commod 500ml | Piece | | | 2 | | | | |
| Borex for basin and Toilet floor | Piece | | | 2 | | | | |
| Collin 500ml | Piece | | | 2 | | | | |
| Lysol 5 l | Piece | | | 2 | | | | |
| Detergent | kg | | | 2 | | | | |
| Floor cleaning Clothes | pcs | | | 2 | | | | |
| Glass Cleaning Clothes | pcs | | | 2 | | | | |
| Toilet brush | Piece | | | 2 | | | | |
| Mop | Piece | | | 2 | | | | |
| Bucket 10 Ltr | Piece | | | 2 | | | | |
| Mug 1 Ltr | Piece | | | 2 | | | | |
| Broom | Piece | | | 2 | | | | |
| Floor Wiper | Piece | | | 2 | | | | |
| Glass Wiper | Piece | | | 2 | | | | |
| Bamboo Broom | Piece | | | 2 | | | | |
| **Sub Total** | | | | | | | | |
| **Total Cost** | | | | | | | | |
| **Vat @13%** | | | | | | | | |
| **Total** | | | | | | | | |